# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

नापी कार्यालय लगनखेल ललितपुरमा कार्यरत नापी सर्वेक्षक उपेन्द्र प्रसाद यादवले जग्गा नापजाँच गर्ने काममा आलटाल गरी रेखाङ्कन गर्ने प्रयोजनको लागि विभिन्न बहाना बनाई सेवाग्राहीसँग रू.३०,०००। -(तीस हजार) घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निज उपेन्द्र प्रसाद यादवले सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगी राजन विष्टलाई उक्त घुस रकम लिन लगाएकोमा निज राजन बिष्टले सेवाग्राहीसँग रू.३०,०००। -( तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा निजहरू नापी सर्वेक्षक उपेन्द्र प्रसाद यादव र कार्यालय सहयोगी राजन विष्टलाई उक्त घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज कार्यालय सहयोगी राजन विष्टलाई घुस/रिसवतबापतको रकम लिनको लागि सर्वेक्षक उपेन्द्र प्रसाद यादवले भनेको कुरालाई सहमति जनाई घुस/रिसवतबापतको रकम बुझी लिएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको सप्रमाण पुष्टि हुन आएकोले निजहरू उपेन्द्र प्रसाद यादव र कार्यालय सहयोगी राजन विष्टलाई बिगो रू.३०,०००।-(तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता